Jana Aakash National Weekly
www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १९, अंक- १२, २०८३ साल असोज २७ गते मंगलबार (13 October, 2026) www.janaakash.com.np



विजया दशमी सदाझै यस वर्षपनि



काठमाडौं- नेपालीहरुको विजया दशमी सदाझै यस वर्षपनि आएको छ।

अरु वर्षहरुभन्दा यस वर्ष त्यति मानिसहरुमा उत्साह देखिदैन र पनि नेपालीहरुको महान पर्व भएको हुनाले दशैमा मान्यजनहरुको हातवाट टिका लगाई आर्शिवाद थाप्न मानिसहरु काठमाडौवाट आफ्नो मूल थलो भएको घर फर्कन लागेका छन् ।नेपालको मुख्य राजमार्ग त्रिभूवन राजमार्ग र विपी राजमार्ग अरनिको राजमार्गमा निक्कै भीड बढीसकेको छ।

यस वर्ष भदौ १० गते आएको भोटेकोशीको बाढीले झण्डै १० हजार मानिसहरुको ज्यान लिएको भन्ने अनुमान छ ।ति हराईरहेका र मृत्यु पुष्टि भएका परिवारको लागि यस वर्षको दशै दशामा परिणत भएको हुनाले ति बाढीमा परेका आफन्त, छरछिमेकले समेत विजया दशमी मनाउने सुरसार गरेका छैनन् ।अन्य नागरिकहरुले भने दुखको बीचमा नेपालीहरुको महान पर्व भएको हुनाले सामान्य ढंगवाट मनाउन लागेको देखिन्छ।

यसवर्ष विजया दशमी कार्तिमा

यस वर्षको विजया दशमीको साइत कात्तिक ४ गते बुधबार परेको छ ।नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार यस वर्ष विजया दशमीका दिन टीका लगाउने उत्तम साइत बिहान १० बजेर २६ मिनेटमा रहेको उल्लेख छ।

समितिका अनुसार विजया दशमीका दिन बिहान ८ बजेर ४९ मिनेटमा देवी विसर्जन गर्ने साइत रहेको छ ।त्यसपछि मान्यजनबाट टीका, जमरा तथा आशीर्वाद ग्रहण गर्न उत्तम साइत रहेको उल्लेख छ। समितिले टीकाको उत्तम साइत सार्वजनिक गरे पनि दिनभरि टीका लगाउन »बाकी ६ पृष्ठमा

प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम अझै जारी



काठमाडौं- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम जारी रहेको छ ।रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भइरहेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार दुवै कोषका विभिन्न खातामा आजसम्म कुल १७ अर्ब ५४ करोड ४२ लाख ८९ हजार ६७८ रुपैयाँ मौज्दात रहेको छ।

कार्यालयका अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका नौ वटा वाणिज्य बैंकमा रहेका खातामा १२ अर्ब ९५ करोड १६ लाख ३१ हजार २०१ रुपैयाँ मौज्दात छ ।त्यस्तै, हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका अमेरिकी डलर खातामा २ करोड ९७ लाख २९ हजार ९७२ अमेरिकी डलर रहेको छ।

सरकारले उक्त कोषमा जम्मा भएको रकममध्ये यसअघि नै बाढी प्रभावित क्षेत्रका लागि एक अर्ब रुपैयाँ निकासा गरिसकेको जनाएको छ।

अल्पसङ्ख्यक समुदायका माग सम्बोधन गर्न सरकार प्रतिबद्ध : मन्त्री बादी



काठमाडौं- महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सीता बादीले अल्पसङ्ख्यक समुदायका माग तथा मुद्दा कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताएकी छन्।

नील हिरा समाज (ब्लु डायमन्ड सोसाइटी) को २५औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री बादीले यस्तो बताएकी हुन् ।उनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको पहिचान र अधिकारलाई संविधानले सम्बोधन गरेको उल्लेख गर्दै सरकारले उनीहरूका हकहितका लागि योजनाबद्ध रूपमा काम अघि बढाएको बताइन्।


कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीश हरि फुँयालले कानुनी रूपमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायले ऐतिहासिक उपलब्धि हासिल गरेको बताए ।उनले सर्वोच्च अदालतबाट भएका आदेश कार्यान्वयन गर्न पर्नेमा जोड दिँदै समुदायको अधिकार सुनिश्चित गर्न »बाकी ६ पृष्ठमा

जान्नेलाई छन्ने पार्टीको नीतिलाई पालना गर्नुपर्छ : गजुरेल



■ जनआकाश संवादाता

रामेछाप- हामी आउदैछौ कार्यक्रम लिएर यहि असोज २५ गते रामेछापको गोकुलगंगा गाउँपालिका पुगेका सिन्धुली क्षेत्रन २ का प्रतिनिधिसभा सदस्य तथा भौतिक पूर्वधार विकास समितिका सभापति इं. आशिष गजुरेलले गोकुलगंगाका पार्टीका कार्यकर्ताहरुलाई पार्टीको नीति तथा क्यान्डिटेड क्लवको वारेमा जानकारी दिदै भने, "हिजोको दिनमा हामीलाई जनताले सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाह र पार्टी सभापति रवि लामिछानेको ट्रेडले चुनाव जितेका हौ ।आउदा दिनमा स्थानीय तह त्यसैगरी जित्न अलि गरो पनि हुन सक्छ त्यसकारण पार्टीले जान्नेलाई छान्ने नीति कायमै रहेको र आउदो स्थानीय निर्वाचनलाई परिणाममुखी बनाउनुपर्छ" भन्दै गोकुलगंगा गाउँपालिकाका कार्यकर्ताहरुलाई प्रशिक्षण समेत दिएका थिए ।उनि उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा पुगेका थिए ।उक्त कार्यक्रममा जिल्ला उपसभापति मोहन कार्कीको पनि उपस्थिति रहेको थियो ।उपसभापति कार्कीले समग्र गोकुलगंगाको गाउँपालिको नेतृत्व गर्न सक्ने क्षमता भएको व्याक्तित्वलाई पालिकाको उम्मेद्धार वनाउदा आउदा दिनमा रास्वपाले बनाउन चाहेको जस्तो विकसित नेपाल बनाउन सकिन्छ ।भनेर आफ्नो भनाई राखेको थिए।



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np

वर्ष –१९, अंक– १२,
२०८३ साल असोज २७ गते मंगलबार
13 October 2026, Tuesday

...मान्छे कसैले पनि कर्म लियर आएका हुदैन ।सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।मोहन कार्की

सम्पादकीय

बाढीको बारेमा गहन अध्ययन गरौ ।

नेपालमा वषैपिछे आउने ठुला ठुला बढी पैरो जस्ता प्राकृतिक समस्याले बिकराल समस्या निम्त्याईहरेको छ ।यस्ता समस्या बेला बेलामा आएपनि राज्यको तर्फवाट ठोस गहन अध्ययन हुन सकेको छैन ।बढी आयो धन जनको क्षति भयो त्यसपछि क्षतिपुर्ति दिदै सरकारले वस्ने व्यवस्थापन गर्‌यो ।त्यसपछि पीडितको उद्धार गरयो भनेर समाचार आउने वाहेक अन्य बाढीका कारणहरुको अध्ययन भएको पाईदैन ।आउदा दिनमा यस्ता बाढी कति आउछन् ।के कारणले अप्रत्यसित बाढी आयो प्राकृतिक मात्रै कारण होकी अन्य कारणहरु पनि छन् ।यस्ता विषयमा गहन अध्ययन हुन सकेको छैन ।

झन झन ठूला ठुला बाढीहरु आउन थालेका छन् ।भदौ १० गते भोटेकोसीमा बाढी आयो भने त्यसैगरी असोज २५ गते बुढी गण्डकीमा आएको लेदोसहितको बाढी आस्चार्यजनक छ ।२०८१ सालमा रोशी खोलमा आएको बढी त्यस्तै अर्को लेदो सहितको बाढी सिन्धुल्चोकको मेलच्मीमा केही वर्ष अगाडी आएको थियो ।त्यहा पनि धन जनको क्षति भएको थियो ।

त्यसको अलवा नेपालका कयौ ठाउँहरुमा पैरो गएर मानिसहरु पुरिएर मरेका घटना पनि धेरै छन् ।

यस्ता घटनाहरुवाट नेपालले पटक पटक दुखः पाईरहेको छ ।नागरिकहरु अकालमा ज्यान गुमाउन बाध्यछन् ।यस्ता बढीवाट क्षति कम गर्न बाढी आउने अग्रीम तयारी गर्न बाढीका कारणहरु पत्ता लगाउन छुट्टै खालको एउटा शक्तिशाली अध्ययन टोली बनाएर काम गर्नुपर्ने देखिन्छ ।

त्यस्तो काम यो भन्दा अगाडीमा समयमा सरकार हरुले केही अध्ययन गरेको भएपनि कार्यन्वयनमा प्रभावकारी भएको देखिदैन ।त्यसकारण वर्तमान सरकारले नेपालको भौगोलिक अवस्था नेपालीको वसोवासको व्यवस्था आउदा दिनमा सुरक्षित बसोबासको लागि अपनाउनु पर्ने तरिकाहरु समयमा नै काम थालेर अउदा दिनमा यस्ता बाढीहरुवाट, पैरोहरुवाट कुनै पनि नागरिकहरु मर्न नपर्ने खालको योजना बनाउनुपर्ने देखिन्छ ।

घटनाहरु भएर पछुताउनु भन्दा अगाडी नै सचेत हुनु चै बुद्धिमानी हुन्छ भनेजस्तै नेपाल सरकारले बसोबास गर्न कुन ठाउँ उपयुक्त छ ।त्यस्ता ठाउँहरुलाई व्यवस्थित बस्तीको रुपमा विकास गरेर मानिसहरुलाई नीतिगत रुपमा सुरक्षित स्थानमा स्थान्तरण गर्दै देशभरी राष्ट्रिय वस्ती स्थान्तरणको नीति अवलम्बन गर्न ढिलो गर्नुहुदैन ।त्यसो गर्न सकिएन भने पुनः आउदो वर्षमा फेरी यस्तै समस्या नआउलान् भन्न सकिदैन ।

त्यसैले बाढी आउने क्षेत्रहरुमा अध्ययन थालीहालौ र वस्ती स्थान्तरणको काम गरिहाल्नुपर्छ ।

अबको अन्तिम विकल्प श्रम संस्कृति पार्टी



■ बैकुण्ठ दाहाल

- **अबको अन्तिम विकल्प कुर्सीको राजनीति होइन, श्रमको राजनीति हो ।**
- **अबको अन्तिम विकल्प परनिर्भरता होइन, आत्मनिर्भरता हो ।**
- **अबको अन्तिम विकल्प गफ होइन, काम हो ।**
- **अबको अन्तिम विकल्प–श्रम संस्कृति पार्टी ।**

देश परिवर्तनको कुरा गर्दा हामीले धेरै वर्षदेखि विभिन्न राजनीतिक विचार, सिद्धान्त र नाराहरू सुन्दै आएका छौं ।शासन व्यवस्था परिवर्तन भए, सरकार परिवर्तन भए, नेतृत्व परिवर्तन भएस तर आम नागरिकको जीवनमा अपेक्षित परिवर्तन अझै आउन सकेको छैन ।रोजगारीका लागि युवा विदेशिनुपर्ने, उत्पादनका लागि परनिर्भर हुनुपर्ने र सामान्य आवश्यकता पूरा गर्नसमेत अरूको मुख ताक्नुपर्ने अवस्था अन्त्य हुन सकेको छैन ।अब प्रश्न उठ्छ–देश बनाउने वास्तविक आधार के हो ? मेरो विचारमा त्यसको उत्तर स्पष्ट छ–श्रम र श्रमदान ।

श्रम र श्रमदानकै माध्यमबाट देशमा कायापलट गर्न सकिन्छ भन्ने उदाहरण पछिल्ला अभियानहरूले देखाइरहेका छन् ।श्रम पिता माननीय हर्कराज राईज्यूले श्रमलाई सम्मान, उत्पादनलाई प्राथमिकता र श्रमदानलाई सामाजिक परिवर्तनको माध्यम बनाउन निरन्तर अघि सार्दै आउनुभएको अभियानले एउटा नयाँ राजनीतिक र सामाजिक सोच स्थापित गर्न खोजिरहेको छ ।देश बनाउने जिम्मेवारी सरकारको मात्रै होइन, प्रत्येक नागरिकको पनि हो भन्ने सन्देश यस अभियानको मूल मर्म हो ।आज हामीले एउटा गम्भीर विषय बुझ्न आवश्यक छ ।देशमा स्रोतसाधनको कमी छैन ।हाम्रो माटो उर्वर छ, जलस्रोत प्रशस्त छ, वनजंगल र जडीबुटीको सम्भावना छ, पर्यटनको अपार अवसर छ ।कमी छ भने त्यसलाई उत्पादनमा बदल्ने दृढ इच्छाशक्ति, श्रमप्रतिको सम्मान र सामूहिक प्रतिबद्धताको ।यही ठाउँमा श्रम संस्कृतिको आवश्यकता देखिन्छ ।

श्रमलाई सानो र ठूलो भनेर विभाजन गर्ने मानसिकता अब बदलिनुपर्छ ।खेतमा काम गर्ने किसान, सडक बनाउने मजदुर, उद्योगमा काम गर्ने श्रमिक, व्यवसाय गर्ने उद्यमी, अनुसन्धान गर्ने वैज्ञानिक र देशका लागि नीति बनाउने नेतृत्व–सबैको श्रम राष्ट्र निर्माणका लागि उत्तिकै महत्वपूर्ण हुन्छ ।श्रमको सम्मान भएको समाजले मात्र उत्पादन बढाउन सक्छ र उत्पादन बढेपछि मात्र आत्मनिर्भर अर्थतन्त्र निर्माण हुन्छ ।यही सोचलाई राजनीतिक अभियानको रूपमा अगाडि बढाउने प्रयास श्रम संस्कृति पार्टीले गरिरहेको छ ।यसको केन्द्रमा रहेको विचार हो–देश परिवर्तन भाषणले मात्र होइन, कामले हुन्छ ।विकास घोषणाले मात्र होइन, उत्पादनले हुन्छ ।समृद्धि मागेर होइन, आफ्नै हातको श्रमबाट निर्माण गर्नुपर्छ ।

आज श्रम पिता हर्कराज राईज्यूको अभियानसँग देशभरका धेरै नागरिक जोडिन थालेका छन् ।नयाँ सोच र नयाँ राजनीतिक संस्कृतिको खोजीमा रहेका नागरिकका लागि यो एउटा आशाको विषय हो ।तर परिवर्तनको बाटोमा आलोचना र विरोध पनि आउँछन् ।कुनै पनि नयाँ विचार स्थापित हुँदै गर्दा प्रश्न उठ्नु स्वाभाविक हो ।असहमति लोकतन्त्रको सुन्दर पक्ष हो ।तर विचारको विरोध विचारबाट हुनुपर्छ्स गालीगलौज, चरित्रहत्या र अनावश्यक आरोपबाट होइन ।

हामीले आलोचकलाई पनि शत्रुका रूपमा होइन, संवादका सहयात्रीका रूपमा हेर्न सक्नुपर्छ ।आज विरोध गर्ने व्यक्ति पनि भोलि श्रम, उत्पादन र आत्मनिर्भरताको महत्व बुझेर यही अभियानमा जोडिन सक्छ ।त्यसैले राजनीतिक संस्कार भनेको विरोधीलाई समाप्त पार्नु होइन, सही विचारमा सहमत गराउनु हो ।

हाम्रो देश अरू कसैले आएर बनाइदिने होइन ।नेपाल नेपालीले नै बनाउने हो ।विदेशी सहयोग आवश्यक पर्दा लिन सकिन्छ, प्रविधि सिक्न सकिन्छ, विश्वसँग सहकार्य गर्न सकिन्छस तर देश निर्माणको मूल जिम्मेवारी आफ्नै काँधमा लिनुपर्छ ।आफ्नै माटोमा पसिना बगाउने संस्कार विकास गर्नुपर्छ ।

युवालाई रोजगारीका लागि विदेश पठाउने होइन, स्वदेशमै अवसर सिर्जना गर्ने नीति चाहिन्छ ।गाउँका खेत बाँझो राखेर विदेशबाट खाद्यान्न आयात गर्ने होइन, कृषि उत्पादन बढाउनुपर्छ ।उद्योग बन्द गरेर बेरोजगार बढाउने होइन, नयाँ उद्योग खोल्नुपर्छ ।पढाइ सकेपछि जागिर खोज्दै भौंतारिने होइन, सीप, उद्यम र उत्पादनसँग जोडिने गरिखाने शिक्षा विकास गर्नुपर्छ ।

अब नेपालको राजनीतिले पनि यही दिशामा आफूलाई रूपान्तरण गर्नुपर्छ ।कुर्सी प्राप्त गर्ने राजनीति होइन, काम गरेर परिणाम देखाउने राजनीति आवश्यक छ ।भाषणभन्दा श्रम, आश्वासनभन्दा उत्पादन र नाराभन्दा परिणाम ठूलो हुनुपर्छ ।

त्यसैले आज एउटा प्रश्न आम नागरिकबीच उठिरहेको छ–अब देश बन्छ तरु मेरो विश्वास छ, देश अवश्य बन्छ ।तर त्यो परिवर्तनको आधार श्रम, श्रमदान, उत्पादन, आत्मनिर्भरता र जिम्मेवार नागरिक सहभागिता हुनुपर्छ ।

श्रम संस्कृति पार्टी र हर्कवादले यही बाटो देखाएको छ–आफ्नो माटोलाई माया गरौं, आफ्नै देशमा श्रम गरौं, उत्पादन गरौं र नेपाल आफैं बनाऔं ।

नेशनल मेडिकल कलेज प्रकरण: रहबर अन्सारीको आरोप, बसरुद्धिनसागको सम्बन्ध र पीजी आन्दोलनबारे उठेका प्रश्न



■ विवेक अधिकारी

वीरगञ्जस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमाथि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रहबर अन्सारीले प्रतिनिधिसभामा गम्भीर आरोप लगाएपछि ती आरोपको प्रमाणसँगै उनको पारिवारिक तथा व्यावसायिक पृष्ठभूमि, बसरुद्धिन अन्सारीसँगको सम्बन्ध तथा पीजी प्रथम वर्षका आवासीय चिकित्सकहरूको आन्दोलनबीच कुनै समन्वय छ कि छैन भन्ने प्रश्न उठेको छ ।

सांसद रहबर अन्सारीले नेशनल मेडिकल कलेजमा करिब २५ जना 'फेक फ्याकल्टी' देखाएर स्नातकोत्तर तहका सिट प्राप्त गरिएको, चिकित्सा शिक्षा आयोगको निरीक्षणका क्रममा सुरक्षागार्डलाई बिरामी बनाएर राखिएको तथा 'नक्कली बिरामी' र 'नक्कली निरीक्षण'का माध्यमबाट प्रक्रिया प्रभावित पारिएको दाबी गर्दै संसदमा बोलेका थिए ।

तर, सांसद रहबर अन्सारीले लगाएका यी गम्भीर आरोप पुष्टि गर्ने सम्बन्धित नियामक निकायको कुनै आधिकारिक निष्कर्ष हालसम्म सार्वजनिक भएको छैन ।नेशनल मेडिकल कलेजले पनि विज्ञप्तिमार्फत आरोपलाई अस्वीकार गर्दै आफू लामो समयदेखि त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा सञ्चालन हुँदै आएको र चिकित्सा शिक्षा आयोग, त्रिभुवन विश्वविद्यालय, नेपाल मेडिकल काउन्सिल, स्वास्थ्य मन्त्रालय लगायत सम्बन्धित निकायको नियमित नियमन तथा अनुगमनमा रहेको जनाएको छ ।

नेशनल मेडिकल कलेज सन् २००१ देखि वीरगञ्जमा चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवा प्रदान गर्दै आएको संस्था हो ।करिब २५ वर्षको अवधिमा कलेजबाट चिकित्सा विज्ञानका विभिन्न विधामा २ हजार ८ सयभन्दा बढी विद्यार्थीले अध्ययन पूरा गरिसकेका छन् ।हाल कलेजमा एमबिबिएस, बिडिएस, बिएस्सी नर्सिङ, बिएमएलटी, बिएमआइटी, तथा विभिन्न स्नातकोत्तर कार्यक्रम, एमएस्सी, क्लिनिकल फिजियोलोजी तथा डिएम, एमसिएच तहका कार्यक्रमहरू सञ्चालनमा छन् ।

यस शिक्षण अस्पतालमा वीरगञ्ज र मधेश क्षेत्र मात्र नभई सीमावर्ती भारतीय क्षेत्रबाट समेत बिरामी उपचारका लागि आउने गरेका छन् ।दक्ष स्वास्थ्य जनशक्ति उत्पादनसँगै क्षेत्रीय स्वास्थ्य सेवा प्रवाहमा समेत यस संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । रहबर अन्सारीका बुवा डा. अनवर इलाही अन्सारी नेपाल मेडिकल काउन्सिलका पूर्वउपाध्यक्ष हुन् ।डा. अनवर इलाही अन्सारी काउन्सिलको उपाध्यक्ष पदमा निर्वाचित भएका थिए र त्यसअघि काउन्सिल सदस्यका रूपमा समेत काम गरिसकेका थिए ।नेपाल मेडिकल काउन्सिलको जिम्मेवार पदमा रहँदा डा. अनवर इलाही अन्सारी नेशनल मेडिकल कलेजको अनुगमन तथा निरीक्षणमा समेत सहभागी भएका थिए ।त्यतिबेला तयार गरिएका निरीक्षण प्रतिवेदनका आधारमा कलेजको अनुमतिपत्र तथा सम्बन्धित स्वीकृतिहरू पटक-पटक नवीकरण भएको दाबी गरिएको छ ।तर अहिले रहबर अन्सारीले सोही संस्थामाथि लगाएका आरोपले प्रश्न उठाएको छ–यदि डा. अनवर इलाही अन्सारी नियामक निकायको जिम्मेवार पदमा रहँदा कलेजको निरीक्षणमा सहभागी भएका थिए र ती निरीक्षणकै आधारमा कलेजका स्वीकृतिहरू नवीकरण हुँदै आएका थिए भने, अहिले रहबर अन्सारीले सोही संस्थामाथि गम्भीर आरोप लगाउनुको अर्थ के हो ? यसले नेशनल मेडिकल कलेजलाई लक्षित गरी बदनाम गराउने प्रयास भइरहेको हो कि होइन भन्ने प्रश्नसमेत उठाएको छ ।

अर्कोतर्फ, रहबर अन्सारी स्वयं पनि स्वास्थ्य क्षेत्रसँग प्रत्यक्ष रूपमा जोडिएका व्यक्ति हुन् ।उनी वीरगञ्जस्थित गण्डक अस्पतालको प्रमुख कार्यकारी अधिकृतका रूपमा काम गरिसकेका छन् ।निजी स्वास्थ्य संस्थाको व्यवस्थापनमा प्रत्यक्ष अनुभव भएका व्यक्तिले अर्को निजी मेडिकल कलेजमाथि गम्भीर आरोप लगाउँदा आरोपको प्रमाणसँगै सम्भावित व्यावसायिक हित वा स्वार्थ-सम्बन्धबारे प्रश्न उठ्नु स्वाभाविक देखिन्छ । रहबर अन्सारी गण्डक अस्पतालको व्यवस्थापनमा रहँदा त्यहाँ कार्यरत मेडिकल अफिसर, कन्सल्टेन्ट, सुपरभाइजर, अहेब, नर्स तथा अन्य कर्मचारीहरूले लामो समय आन्दोलन गरेको बताइन्छ ।त्यस बेला रहबर अन्सारीमाथि अस्पताल व्यवस्थापनसँग मिलेर आन्दोलनरत चिकित्सक तथा कर्मचारीमाथि ज्यादती गरेको आरोपसमेत लागेको थियो ।त्यसैगरी, उनको व्यवस्थापनकालमा विभिन्न चिकित्सक, नर्स तथा कर्मचारीहरूको तलब तथा अन्य पारिश्रमिक भुक्तानी नभएको र प्रभावित कर्मचारीहरू आजसम्म पनि आफ्नो बाँकी रकमको माग गर्दै आन्दोलन तथा दबाब दिइरहेको आरोप छ ।

बसरुद्धिन अन्सारी, रहबर अन्सारीको अन्तरसम्बन्ध

नेशनल मेडिकल कलेजका पीजी प्रथम वर्षका आन्दोलनरत आवासीय चिकित्सकहरूमाथि सांसद रहबर अन्सारीको प्रत्यक्ष प्रभाव र दबाब रहेको आरोपसमेत उठेको छ ।केही विद्यार्थीहरूसँग भएको कुराकानीबाट, कलेज फर्किएमा उनीहरूलाई 'फेल गराइने' भन्दै डर देखाइएको तथा आन्दोलन जारी राखेमा रहबर अन्सारीले सम्बन्धित निकायसँग पहल गरी सबैलाई अन्य संस्थामा स्थानान्तरण गराइदिने आश्वासन दिएको दाबी गरिएको छ ।

यसले विद्यार्थीलाई नियमित अध्ययन तथा क्लिनिकल प्रशिक्षणमा फर्किन नदिई आन्दोलननै कायम राख्न मनोवैज्ञानिक दबाब सिर्जना गरिएको हो कि होइन भन्ने प्रश्नसमेत उठाएको छ ।आन्दोलनरत पीजी प्रथम वर्षका विद्यार्थीहरूसँग सम्बन्धित विभिन्न छलफल तथा बैठकहरू नेशनल मेडिकल कलेजका पूर्व प्रबन्धक बसरुद्धिन अन्सारीसँग काठमाडौंको घट्टेकुलोमा हुँदै आएको आरोप छ ।ती बैठकहरू बसरुद्धिन अन्सारीको गैरकानुनी नियन्त्रणमा रहेको भनिएको परिसरमा भइरहेको बताइन्छ ।उक्त सम्पत्तिको स्वामित्व र कानुनी कब्जासम्बन्धी विषय आफैं विवादित रहेको र बसरुद्धिन अन्सारीले उक्त परिसर गैरकानुनी रूपमा कब्जा गरी नियन्त्रणमा राखेको आरोपसमेत रहेको छ ।यस्तो पृष्ठभूमिमा बसरुद्धिन अन्सारी, रहबर अन्सारी र आन्दोलनरत पीजी प्रथम वर्षका विद्यार्थीहरूबीच भइरहेको भनिएको समन्वयको प्रकृतिमाथि प्रश्न थप गम्भीर बनेको छ । पीजी प्रथम वर्षका विद्यार्थीहरूको आन्दोलन, रहबर अन्सारीको सक्रियता र बसरुद्धिन अन्सारीसँग भइरहेको भनिएको बैठक तथा समन्वयबीचको वास्तविक सम्बन्ध के हो भन्ने प्रश्न थप गम्भीर बनेको छ ।त्यसो त वर्तमानमा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीबाट बारा क्षेत्र नं. ४ का सांसद रहबर अन्सारी सत्ता र पदका लागि जे पनि गर्ने सांसदका रूपमा परिचित रहेको छन् ।उनी यसअघि नेकपा माओवादी केन्द्रबाट राजनीति गर्दथे ।२०७९ सालको निर्वाचनमा पर्सा क्षेत्र नम्बर १ (क) बाट मधेश प्रदेश सभा सदस्य निर्वाचित भई उद्योग, पर्यटन तथा वन राज्यमन्त्री हुँदा उनले बारा-पर्सा क्षेत्रका उद्योगी व्यवसायीहरूसँग जथाभावी चन्दा मागेर दुःख दिने गरेको आरोपसमेत लागेको थियो ।

यस्तै, रहबर अन्सारीको नेशनल मेडिकल कलेजका पूर्व प्रबन्धक बसरुद्धिन अन्सारीसँग राम्रो हिमचिम रहेको छ ।नेशनल मेडिकल कलेजका संस्थापक अध्यक्ष प्रा. डा. जैनुद्धिन अन्सारी र बसरुद्धिन अन्सारीबीचको पारिवारिक विवादमा रहबर अन्सारीले बसरुद्धिन अन्सारीबाट ठूलो आर्थिक लाभ लिएको र त्यसपछि मेडिकल कलेजमा अस्थिरता सिर्जना गर्न भूमिका खेल्दै आएको आरोप छ ।

त्यसैगरी, बसरुद्धिन अन्सारीले नै रहबर अन्सारीलाई नेशनल मेडिकल कलेजसम्बन्धी गलत तथा भ्रामक सूचना उपलब्ध गराएर सार्वजनिक रूपमा बोल्न लगाएको तथा पीजी प्रथम वर्षका आवासीय चिकित्सकहरूलाई आन्दोलनका लागि उक्साउन रहबर अन्सारीमार्फत भूमिका खेलेको आरोप समेत उठेको छ ।रहबर अन्सारीले संसदबाट नेशनल मेडिकल कलेजमाथि गम्भीर आरोप लगाउनु, अर्कोतिर पीजी प्रथम वर्षका विद्यार्थीहरूलाई कलेज फर्किए फेल हुने त्रास देखाइनु र अन्य संस्थामा स्थानान्तरण गराइदिने आश्वासन दिइएको आरोप, तथा त्यससँगै बसरुद्धिन अन्सारीसँग घट्टेकुलोमा निरन्तर बैठक भइरहेको दाबीले यो घटनालाई सामान्य विद्यार्थी आन्दोलनभन्दा बाहिरको विषय बनाएको छ ।

अन्ततः प्रश्न तीन पक्षबीचको सम्भावित सम्बन्धमै केन्द्रित भएको छ–बसरुद्धिन अन्सारी, रहबर अन्सारी र पीजी प्रथम वर्षका आन्दोलनरत विद्यार्थीहरूबीच वास्तवमा कस्तो समन्वय भइरहेको छ ? रहबर अन्सारीले संसदमा उठाएका आरोपका ठोस प्रमाण के हुन् ? र विद्यार्थी आन्दोलनमा बसरुद्धिन अन्सारी तथा रहबर अन्सारीको वास्तविक भूमिका के हो ? यी प्रश्नहरूको वास्तविकता तथ्य, अभिलेख र सम्बन्धित निकायको निष्पक्ष अनुसन्धानबाट स्पष्ट हुनुपर्ने देखिन्छ ।

कठिन घढीमा पनि शुभकामनाले प्रेरेणा मिलोस



बल्लव कार्की
अध्यक्ष,
नागरिक सरोकार समूह

सुन्दरियता सङ्ग सङ्गै जोखिम पनि जोडिएको हुदोरहेछ ।त्यस्तै नेपाल को भौगोलिक बनौटमा पनि सुन्दरियता का साथै जोखिम पनि जोडिएको रहेछ ।सुन्दरताको संरक्षण नै जोखिम न्युनिकरण र साबधानी रहेछ ।प्राकृतिक प्रकोपको न्युनिककण कार्यक्रम सन्चालन नै राष्टिय दायित्व हो ।किन कि मुलुक ले प्रत्येक बर्ष बाढी, पहिरो, नदी कटान र भुक्षयबाट मानवीय र भौतिक क्षति भोग्नु नियमित जस्तै बन्दै गैरहनुलाइ हामीले प्राकृति प्रकोपको रुपमै बुझ्ने गरेका छौ ।

यहि २०८३ भदौ १० गते प्राकृतिक प्रकोपकै रुपमा आएको अकल्पनीय भोटेकोशिको बाढीबाट रसुवा, नुवाकोट र चितवनमा गणना समेत गर्न कठिन हुने जनधन क्षति पुर्यायो ।नेपाली सैनिक, सशस्त्र प्रहरी, जनपथ प्रहरी, छिमेकि राष्ट्रहरु, विश्व समुदाय .दात्रि सस्थाहरु, स्थानिय जन प्रतिनिधि, राष्ट्रसेवक, समाजसेवी लगायत मानबिय हित र संरक्षणमा कृयासिल संस्थाहरुबाट उद्धार, राहात र अस्थायि बसोबासमा पुर्याएको सहयोगि कार्यहरु सराहनियका साथै मुल्याङकनयोग्य रह्यो ।

जस्को स्थायीरुपमा मानबयोग्य बसोबास र रोजगारीका कार्यक्रम अनिबार्य छ ।एकता मुलुक प्राकृतिक प्रकोप को चपेटामा परि नागरिकको जिवन सङ्कट परिरहेको छ भने अर्को तर्फ नागरिकका दैनिकिसँग प्रत्येक्ष सम्बन्ध रहेका बस्तुहरु, खाना पकाउने ग्यास, इन्धन, खाध्य बस्तु आदीको चरम अभाब र मुल्य बृद्धि यथार्थ तितो सत्य हो ।

मुलुक ले समस्यै समस्या भोगिरहेता पनि नागरिकद्वारा परम्परा, ऋतिथिति, मुल्य मान्यता, सन्स्कार, सस्कृति र सभ्यताको बिश्व मन्चमा परिचय दिन मनाइने बिजया दशमी, तिहार, छैट, नेपाल सम्बत लगायतकका प्रमुख चाड पर्बहरु बिभिन्न कठिनाइका बाबजुत पनि मनाइरहेका चाड पर्ब बिजया दशमी २०८३ तिहार, छैठ नेपाल सम्बतका पुनित अवसरमा बृहत राष्ट्रिय एकता, आपसि बिश्वास, भात्रित्व, स्वाधिनता, शान्ति, अमनचैन, स्वछ्नता, विकास, समृद्धि र मानबता प्रति प्रतिबद्ध रहिरहन यि पुनित चाडपर्बका पुनित अवसरमा हामी सबैलाइ प्रेणा मिल्नेमा आशावादी हुदै स्वदेश बिदेशमा रहनुहुने सम्पुर्णमा बिजया दशमी २०८३ लगायत सम्पुर्ण चाड पर्बहरुको मङ्गलमय शुभकामना ।

राष्ट्रवादी अर्थब्यवस्था को गम्भिरता नबुझिरहेको वा बुझ्न नचाहिएको बर्तमानमा प्राकृतिक श्रोतहरुको उपयोगिता रोजगारीसँग समायोजना हुन नसक्नु, कृषिको आधुनिककरण, वैज्ञानिकीकरण, ब्यापारिकरण, औधोगिकरण हुन सक्नु, ब्यापार सन्तुलन नरहेको र उद्योगहरु बन्द र समस्याग्रस्त भैरहनुले आर्थिक रुपले सङ्कटग्रस्त रहेको बर्तमानमा फुजुल खर्च नियन्त्रण गर्दै मितब्ययिताको सिद्धान्त अपनाउन हामीलाइ यि चाड पर्बहरुले हामी सबैलाइ प्रेरित गरुन ।

हाम्रा प्रमुख चाड पर्बहरु आफ्ना आफ्ना बिशिषटताको परिचयमा मानब कल्याण को पक्षमा सस्कार, सन्स्कृति र सभ्यता को परिचय गराइरहेको यथार्थलाइ स्बिकार गरी जाड रक्सि, जुवा तास लगायत कुलत मुक्त ब्यक्ति, समाज र राष्ट्र निर्माणको पक्षमा हामिलाइ यि पर्ब र चाडहरुले प्रेरित गर्नेमा आशाबवादी हौ ।

दलिय अतिबादि प्रबृतिले हरेकलाइ राजनीति बिहिन कृषि, ब्याबसा, ब्यापार, उधोग, मर्यटन आदी बाट सफल हुन सकिदैन भनि विश्वस्त पार्न' त्यस्तै कर्मचारी, सुरक्षा निकाय, न्याय क्षेत्र, संवैधानिक निकाय, कुटनितिक क्षेत्र, शिक्षक, बिध्यार्थि, योजना विद, प्राबिधिक आदि सबै राष्ट्र र जनताका सहयोगिहरुलाइ दलिय अतिबादि राजनीतिकसँगको सम्लग्न बिना सफलताको कल्पना गर्न नसकिने पराधिन मानसिकता बाट मुक्त हुन यि चाड पर्बद्वरा सबैलाइ प्रेणा मिल्नेमा आशाबादि हौ ।

बृहत राष्ट्रिय एकताद्वारा राष्ट्र, राष्ट्रियता, स्वाधिनता, स्वस्थ, सन्तुलित, सम्मानयोग, आपसी बिश्वास र हितको अठोतको छिमेकि नीति र असंलग्न परराष्ट्र नीतिको विश्व मन्चमा परिचय दिन हामिलाइ बिजया दशमी २०८३ लगायत प्रमुख चाड पर्बले शक्ति प्रदान गर्ने आशा र बिश्वासका साथ पुन बिजया दशमी २०८३ को सम्पुर्णमा मङ्गलमय शुभकामना ।

रामेछाप डायरी

पत्र लेखन प्रतियोगितामा समृद्धि कार्की प्रथम



रामेछाप- चिठी/पत्र लेखन प्रतियोगिताा समृद्धि कार्की प्रथम भएकी छिन् ।जिल्ला हुलाक कार्यालय रामेछापले १५२ औं विश्व हुलाक दिवसको अवसरमा आयोजित चिठी/पत्र लेखन प्रतियोगिता गराएको हो ।

जिल्ला हुलाक कार्यालय रामेछापले सार्वजनिक गरेको नतिजाअनुसार मन्थली माध्यमिक विद्यालयकी रिस्ता कार्की द्वितीय, मन्थलीस्थित केब्स स्कुलकी जस्मिना कार्की तृतीय र शारदा माध्यमिक विद्यालय, ठोसेकी रिया बस्नेत सान्त्वना स्थान हासिल गर्न सफल भएका छन् ।

विश्व हुलाक दिवसका अवसरमा 'One Postal Network, Infinite Possibilities' भन्ने नाराका साथ मनाइने कार्यक्रमअन्तर्गत हुलाक सेवाको प्रवर्द्धनमा सरोकारवालाको भूमिका विषयमा चिठी लेखन प्रतियोगिता आयोजना गरिएको थियो ।प्रतियोगितामा प्राप्त ४६ वटा चिठी तथा पत्रको मूल्यांकन तथा परीक्षणपछि उत्कृष्ट विद्यार्थी छनोट गरिएको कार्यालयले जनाएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको छ ।हुलाक सेवाको महत्व, यसको प्रवर्द्धन तथा विद्यार्थीमा सिर्जनात्मक लेखन क्षमताको विकास गर्ने उद्देश्यले आयोजित प्रतियोगिताले विद्यार्थीलाई चिठी लेखनप्रति आकर्षित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

मुख्यमन्त्री थापामगरको घोषणा

समृद्धिको नमुना बागमती प्रदेश बनाउँछौं



भक्तपुर- बागमती प्रदेशलाई योग, स्वास्थ्य र समृद्धिको नमुना प्रदेश बनाउने बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले घोषणा गरेका छन् ।

पतञ्जली योग समितिले आइतबार भक्तपुरमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले बागमती प्रदेशका नागरिकको पहुँचमा योग र स्वस्थ जीवनशैली पुऱ्याउन 'प्रादेशिक योगपरिषद्' निर्माण गर्ने बताएका हुन् ।

मुख्यमन्त्री थापाले भक्तपुरलाई योग, शिक्षा, स्वास्थ्य र पर्यटनको एकीकृत केन्द्रका रूपमा रूपान्तरण गर्दै बागमती प्रदेशका १३ वटै जिल्लामध्ये एक मुख्य नमुना जिल्ला बनाउने आधारशिला तयार भइरहेको बताए ।

कार्यक्रममा संस्थाका संरक्षक बालमुकुन्द सुवाल, कार्यक्रमका सभापति तथा पतञ्जली योग समिति नेपालका अध्यक्ष सुदर्शन सुवेदीलगायतले देशभर योगसाधनाको प्रचारप्रसार, साधकको सशक्तीकरणलाई पुऱ्याउनुपर्ने बताए ।

विपद्को पीडाबीच विजयादशमी
दुःख बाँडौं, खुसी साटौं र सकारात्मक सन्देश फैलाऔं





■ विनोद नेपाली

काठमाडौं- सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीमा विजयादशमीको हार्दिक मंगलमय शुभकामना ।नेपालीहरूको महान् पर्व बडादसैं हाम्रो घरआँगनमा आइपुगेको छ ।दसैं भन्नेबित्तिकै नयाँ लुगा, मीठो परिकार, परिवारसँगको भेटघाट, रमाइलो र खुसीको सम्झना आउँछ ।तर यस वर्षको दसैं धेरै नेपालीका लागि विगतका वर्षजस्तो उल्लासपूर्ण बन्न सकेको छैन ।प्राकृतिक विपद्ले दिएको पीडा, आर्थिक कठिनाइ र अनिश्चितताका कारण धेरै परिवारको दसैं प्रभावित भएको छ ।

रसुवा-त्रिशूली-भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीले धेरै नागरिकलाई घरबारविहीन बनाएको छ ।त्यसैगरी, गोरखामा आएको बाढीले पनि जनजीवन प्रभावित बनाएको छ ।आफ्नो घर, सम्पत्ति र वर्षौंको मेहनत गुमाएका परिवारका लागि चाडपर्वको खुसीभन्दा पीडा ठूलो बनेको छ ।

यस्तो अवस्थामा दसैंको खुसी सबैको घरमा समान रूपमा फुल्न सकेको छैन ।यसको प्रभाव बजारमा समेत देखिएको छ ।विगतका वर्षमा दसैं नजिकिँदै गर्दा बजारमा हुने चहलपहल, किनमेल र व्यापारिक गतिविधि यसपटक अपेक्षाकृत कम देखिएको छ ।विपद्को असर, आर्थिक दबाब र नागरिकको कमजोर क्रयशक्तिले व्यवसायी तथा सर्वसाधारण दुवैलाई प्रभावित बनाएको छ ।यद्यपि, दुःख र कठिनाइबीच पनि दसैंलाई आशा, सद्भाव र एकताको पर्वका रूपमा मनाउन आवश्यक छ ।दसैं भनेको महँगा लुगा लगाउने, धेरै खर्च गर्ने वा देखावटी रमाइलो गर्ने पर्व मात्र होइन ।यो त परिवारसँग आत्मीयता साट्ने, ठूलाबडाबाट आशीर्वाद लिने, सानालाई माया गर्ने र टाढिएका आफन्तसँग सम्बन्ध नवीकरण गर्ने अवसर पनि हो ।यस वर्षको दसैंमा सकेसम्म विपद्मा परेका परिवारलाई सहयोग गरौं ।छिमेकीको घरमा चुलो नबलेको छ भने सहयोगको हात बढाऔं ।


कसैसँग अतिरिक्त खानेकुरा, लत्ताकपडा वा आवश्यक सामग्री छन् भने आवश्यकतामा परेकासँग बाँडौं ।सानो सहयोगले पनि कसैको अनुहारमा मुस्कान ल्याउन सक्छ ।हाम्रो सानो सद्भावले विपद्पीडित परिवारको दसैंमा केही भए पनि खुसी थप्न सक्छ ।

त्यसैगरी, दसैंको नाममा जाँडरक्सीको अत्यधिक सेवन, जुवातास, झैझगडा, घरेलु हिंसा तथा समाजमा नकारात्मक असर पार्ने गतिविधिबाट टाढा रहन सबैमा अनुरोध छ ।चाडपर्वले परिवार र समाजलाई जोड्नुपर्छ, रमाइलोका नाममा आफू, आफ्नो परिवार वा अरूको जीवनमा दुःख थप्ने काम नगरौं ।सवारीसाधन चलाउँदा सावधानी अपनाऔं र बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षामा विशेष ध्यान दिऔं ।दसैंको वास्तविक खुसी महँगो खानपान र देखावटी उत्सवमा होइन, आपसी माया, सहयोग, सद्भाव र मानवीय संवेदनामा हुन्छ ।

त्यसैले यस वर्षको दसैंलाई खर्चिलोभन्दा आत्मीय, देखावटीभन्दा सहयोगी र व्यक्तिगत खुसीभन्दा सामूहिक सद्भावको पर्व बनाऔं ।प्राकृतिक विपद्ले दिएको घाउ निको पार्न समय लाग्न सक्छ, तर एकअर्काको साथ र सहयोगले पीडा कम गर्न सकिन्छ ।दुःखमा परेकालाई साथ दिने, निराश भएकालाई आशा दिने र समाजमा सकारात्मक सोच फैलाउने जिम्मेवारी हामी सबैको हो ।

सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र आपसी एकताको कामना गर्दै विजयादशमीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।यस वर्षको दसैंले सबै नेपालीको जीवनमा नयाँ आशा, सद्भाव र सकारात्मक परिवर्तन ल्याओस् ।दुःख बाँडौं, खुसी साटौं, विपद्पीडितलाई सहयोग गरौं र मानवता तथा एकताको सन्देशसहित विजयादशमी मनाऔं ।









जना आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np

वर्ष -१९, अंक- १२,
२०८३ साल असोज २७ गते मंगलबार
13 October 2026, Tuesday

नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्न उर्जा मन्त्रिको जोड



काठमाडौं- सरकारले नवीकरणीय ऊर्जाको प्रवर्द्धन र ऊर्जा दक्षता अभिवृद्धि गर्न स्वशासित केन्द्र स्थापना गर्ने तथा दिगो ऊर्जा कोष बनाउने व्यवस्था प्रस्ताव गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८३ प्रतिनिधिसभामा दर्ता गरेका हुन्।विधेयकको दफा १० मा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता केन्द्र स्थापना गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।दफा ११ मा केन्द्रलाई अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाका रूपमा रहने व्यवस्था गरिएको छ।

प्रस्तावित विधेयक अनुसार केन्द्रले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणसम्बन्धी नीति, रणनीति, योजना र कार्यक्रम तयार गर्ने'का साथै तिनको कार्यान्वयन गर्नेछ ।साथै, संघ, प्रदेश र स्थानीय सरकारलाई नवीकरणीय ऊर्जासम्बन्धी आयोजना सञ्चालन गर्न प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनेछ ।केन्द्रले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउन प्रोत्साहन गर्ने, नवीन प्रविधिको विकास र प्रवर्द्धन गर्ने तथा ऊर्जा दक्ष उपकरणको परीक्षण र प्रमाणीकरण गर्ने जिम्मेवारीसमेत पाउने प्रस्ताव गरिएको छ।

त्यस्तै, ऊर्जा परीक्षणका लागि आवश्यक जनशक्ति विकास गर्न तालिमको पाठ्यक्रम तयार गर्ने, दिगो ऊर्जासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गर्ने र ऊर्जा क्षेत्रको तथ्यांक संकलन तथा विश्लेषण गर्ने काम पनि केन्द्रको जिम्मेवारीमा राखिएको छ।

विधेयकमा कार्बन उत्सर्जन न्यूनीकरण, जलवायु अनुकूलन तथा कार्बन व्यापार प्रवर्द्धनका लागि आयोजना विकास र कार्यान्वयन गर्ने व्यवस्था पनि समेटिएको छ ।अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोग परिचालनमा समेत केन्द्रले भूमिका निर्वाह गर्ने प्रस्ताव छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार नवीकरणीय ऊर्जाको विकास र विस्तारमार्फत वातावरण संरक्षणमा योगदान पुऱ्याउनु विधेयकको मुख्य उद्देश्य हो ।ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग, बचत र संरक्षण गर्दै ऊर्जामा पहुँच बढाएर दिगो विकासको लक्ष्य हासिल गर्ने लक्ष्यसमेत विधेयकले राखेको छ ।उक्त विधेयकमा प्रस्ताव गरिएका व्यवस्था भने संसदीय प्रक्रियाबाट पारित भई लागू भएपछि मात्र कार्यान्वयनमा आउनेछन् ।

सिद्धार्थ बैंकमार्फत ओमोडा एन्ड जेइकुका ग्राहकलाई विशेष छुट



काठमाडौं- ओमोडा एन्ड जेइकु सवारीसाधनको आधिकारिक वितरक एसपीजी अटोमोबाइल्स प्राइवेट लिमिटेड र सिद्धार्थ बैंक लिमिटेडबीच नेपाल प्रिमियर लिग (एनपीएल) सिजन ३ को अवसरमा ग्राहकलाई विशेष सुविधा उपलब्ध गराउने उद्देश्यले साझेदारी भएको छ । यो एनपीएल सिजन ३ को अवधिभर लागू हुनेगरी बैंकले ओमोडा एन्ड जेइकुका ग्राहकलाई सर्भिस चार्जमा विशेष छुट प्रदान गर्ने र बैंकमार्फत सवार ीसाधन खरिदका लागि फाइनान्सिङ समेत गर्ने छ । उक्त साझेदारी अनुसार ग्राहकले नेपालभर रहेका ओमोडा एन्ड जेइकुका आधिकारिक डिलरशिप तथा सिद्धार्थ बैंकका शाखामार्फत उक्त सुविधा प्राप्त गर्न सक्नेछन् ।

सिद्धार्थ बैंक एनपीएलको टाइटल स्पोन्सर तथा ओमोडा एन्ड जेइकु को-स्पोन्सरका रूपमा सिजन ३ मा आबद्ध छन् ।दुवै ब्रान्ड प्रतियोगिताको पहिलो सिजनदेखि नै एनपीएलसँग जोडिँदै नेपाली क्रिकेटको विकास र प्रवर्द्धनमा सहयोग गर्दै आएका छन् ।

ग्लोबल आइएमईले विदेश यात्रामा जाने नागरिकलाई डलर सटही सुविधा दिने



काठमाडौं- ग्लोबल आइएमई बैंकले विदेश यात्रामा जाने नेपाली नागरिकलाई लक्षित गर्दै अमेरिकी डलर सटही सुविधा उपलब्ध गराएको छ।

बैंकका अनुसार विदेश जाने ग्राहकले आफ्नो यात्राअघि नै आवश्यक अमेरिकी डलर बैंकका शाखाबाट सहज रूपमा साट्न सक्नेछन् ।

यो सुविधा काठमाडौं उपत्यकाभित्र रहेका ग्लोबल आइएमई बैंकका सबै शाखाबाट उपलब्ध हुने बैंकले जनाएको छ ।विदेश यात्राका लागि अमेरिकी डलर साट्न चाहने ग्राहकले आफूलाई पायक पर्ने ग्लोबल आइएमई बैंकको शाखामा सम्पर्क गरी सेवा लिन सक्नेछन् ।

विदेश यात्रामा जाने ग्राहकलाई विदेशी मुद्रा सटही गर्दा हुने झन्झट कम गर्ने उद्देश्यले प्रक्रिया छिटो र सरल बनाइएको बैंकको जनाएको छ ।

नबिल बैंकको १५.८० प्रतिशत लाभांश पारित

५ प्रतिशत बोनस सेयर दिने



काठमाडौं- नबिल बैंकको ४२औँ वार्षिक साधारणसभाले ५ प्रतिशत बोनस सेयर र १०.८० प्रतिशत नगद लाभांशसहित कुल १५.८० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

बैंकका अध्यक्ष निर्वाणकुमार चौधरीको अध्यक्षतामा बिहीबार काठमाडौंमा सम्पन्न साधारणसभाले आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट साधारण सेयरधनीलाई उक्त लाभांश वितरण गर्ने र अविमोच्य असञ्चिति अग्राधिकार सेयरधनीका लागि ८ प्रतिशत लाभांश दिने प्रस्ताव पारित गरेको हो ।

बोनस सेयर वितरणपछि बैंकको चुक्ता पुँजी ३३ अर्ब ४० करोड रुपैयाँभन्दा बढी पुगेको छ ।बैंकका अनुसार समीक्षा अवधिमा कर्जा तथा सापटी १२.१५ प्रतिशतले बढेर ४ खर्ब ७६ अर्ब ८७ करोड रुपैयाँ पुगेको छ भने बैंकको वासलातको आकार १५.३८ प्रतिशतले वृद्धि भएर ७ खर्ब ३४ अर्ब ७६ करोड रुपैयाँ पुगेको छ।

साधारणसभालाई सम्बोधन गर्दै अध्यक्ष चौधरीले बैंकले संस्थागत सुशासन र ग्राहक सन्तुष्टिलाई प्राथमिकतामा राख्दै बैंकिङ सेवालाई आधुनिकीकरण तथा विस्तार गर्दै आएको बताए ।उनले बैंक सामाजिक उत्तरदायित्व निर्वाह गर्न पनि सक्रिय रहेको उल्लेख गरे ।

सभाले संस्थापक सेयरधनीका तर्फबाट सञ्चालक समितिमा निर्वाणकुमार चौधरी, मलय मुखर्जी र सइद मन्सुर मुस्तफालाई निर्विरोध निर्वाचित गरेको छ।

साधारणसभाको उद्घाटन कार्यक्रममा मौलिक संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले सांस्कृतिक प्रस्तुतिसमेत गरिएको थियो ।

एसबिआई मर्चेन्ट बैंकिङद्वारा वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं- विश्व लगानी सप्ताह २०२६ को अवसरमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडले काठमाडौंको गोंगबुस्थित चेतना महिला माध्यमिक विद्यालयमा वित्तीय साक्षरता तथा पुँजी बजार सचेतना कार्यक्रम सम्पन्न गरेको छ।

महिलाहरूको आर्थिक सशक्तीकरण, वित्तीय पहुँच र लगानीसम्बन्धी ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा लिमिटेडका लगानी प्रमुख उत्सव तुलाधरको उपस्थिति थियो ।

कार्यक्रममा प्रधानाध्यापक पण्डितले विभिन्न उमेर समूहका महिलालाई लक्षित गरी प्रदान गरिएको वित्तीय शिक्षाले उनीहरूको आर्थिक निर्णय क्षमता अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै आयोजक संस्थाप्रति आभार प्रकट गरिन् ।नेपाल एसबिआई मर्चेन्ट बैंकिङका प्रतिनिधिहरूले वित्तीय रूपमा





५० भन्दा बढी महिला प्रौढ विद्यार्थी सहभागी भएका थिए ।कार्यक्रममा बचत, व्यक्तिगत वित्तीय व्यवस्थापन, दीर्घकालीन लगानी, नेपालको पुँजी बजार, डिम्याट खाता, मेरो सेयर तथा प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) सम्बन्धी आधारभूत जानकारी प्रदान गरिएको थियो ।यस्ता कार्यक्रमले महिलाहरूमा वित्तीय ज्ञान अभिवृद्धि गर्ने'का साथै लगानी संस्कृतिको विकासमा सहयोग पुग्ने विश्वास लिइएको छ।

कार्यक्रमको सहजीकरण नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडका संस्थागत परामर्श प्रमुख अरुण श्रेष्ठले गरेका थिए ।कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक शान्ता पण्डित, सहप्रधानाध्यापक उर्मिला प्रधान, व्यवस्थापन पक्षका प्रतिनिधि तथा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ सचेत र सक्षम नागरिक निर्माणका लागि वित्तीय साक्षरता आवश्यक रहेको उल्लेख गर्दै विशेषगरी महिलाहरूलाई औपचारिक वित्तीय प्रणाली तथा पुँजी बजारसँग जोड्ने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।

चेतना महिला माध्यमिक विद्यालयले विगत २२ वर्षभन्दा बढी समयदेखि महिलाहरूलाई कक्षा १ देखि १० सम्म शिक्षा प्रदान गर्दै आएको छ ।विद्यालयबाट एसईई उत्तीर्ण गरेका महिलाहरू स्थानीय तहको नेतृत्व, उद्यमशीलता, स्वास्थ्य सेवा तथा अन्य विभिन्न पेसा-व्यवसायमा आबद्ध भई आत्मनिर्भर जीवन बिताइरहेका छन् ।

विद्यालयमा हाल १६० भन्दा बढी विद्यार्थी भर्ना भएका छन् भने दैनिक करिब १२० जना विद्यार्थी अध्ययनरत रहेको जनाइएको छ।

कामना सेवा र नेपाल उद्योग वाणिज्य महासंघबीच सम्झौता



काठमाडौं- कामना सेवा विकास बैंक र नेपाल उद्योग वाणिज्य महासंघबीच सातै प्रदेशका साना तथा मझौला व्यवसायीको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

महासंघको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत विनय दाहाल र महासंघका महानिर्देशक डा. गोपाल तिवारीले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।सम्झौताअनुसार सातै प्रदेशमा उद्योगी-व्यवसायीलाई वित्तीय ज्ञान, वित्तीय विवरण तयार गर्ने तरिका तथा वित्तीय अनुपालना सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।तालिमका लागि आवश्यक प्राविधिक सहयोग बैंकले उपलब्ध गराउनेछ ।महासंघका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्यले कार्यक्रमले व्यवसायीको वित्तीय ज्ञान तथा अनुपालना क्षमता बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

नेपाल टेलिकमको दसैँ–तिहार अफर सार्वजनिक

नयाँ एफटीटीएच जडानमा ५०० रुपैयाँ छुट

काठमाडौं- नेपाल टेलिकमले नेपालीहरूको महान् चाड दसैँ, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै 'दसैँ तिहार अफर २०८३' सार्वजनिक गरेको छ।

कम्पनीले यस अफरअन्तर्गत एफटीटीएच इन्टरनेट जडान, मोबाइल डेटा, भ्वाइस तथा एसएमएस सेवामा विभिन्न छुट र सुविधा उपलब्ध गराउने जनाएको छ।

नेपाल टेलिकमका अनुसार कात्तिक ३० गतेसम्म नयाँ एफटीटीएच प्याकेज जडान गर्ने ग्राहकले जडान शुल्कमा ५०० रुपैयाँ छुट पाउनेछन् ।

त्यस्तै, १ सय, १ सय ५० र २ सय एमबीपीएसका नयाँ वार्षिक प्याकेज खरिद गर्ने ग्राहकले एक महिना थप सुविधा पाउनेछन् ।यससँगै बोनसका



रूपमा उपलब्ध मोबाइल डेटा पनि १३ महिनासम्म प्रयोग गर्न सकिनेछ ।

भर्च'अल सेट-टप बक्स सहितको प्याकेज लिने ग्राहकका लागि एक हजार रुपैयाँ छुटको व्यवस्था समेत गरिएको छ ।मोबाइल डेटा प्रयोगकर्तालाई लक्षित गर्दै कम्पनीले जीएसएम सेवाअन्तर्गत ४ सय ९९ रुपैयाँमा पाँच जीबी र ६ सय ९९ रुपैयाँमा १० जीबी फेस्टिभल अनलिमिटेड प्रिमियम डेटा प्याकेज उपलब्ध गराउने भएको छ।

पाँच जीबी प्याकेज खरिद गर्ने ग्राहकले दैनिक तोकिएको डेटा भोल्युम प्रयोग गरिसकेपछि बाँकी अवधिमा दुई एमबीपीएस गतिमा इन्टरनेट चलाउन सक्नेछन् ।

त्यसैगरी, १० जीबी प्याकेजमा दैनिक डेटा भोल्युम सकिएपछि बाँकी अवधिमा तीन एमबीपीएस गतिमा इन्टरनेट प्रयोग गर्न सकिने कम्पनीले जनाएको छ।

यसैगरी, २ सय ५० रुपैयाँमा एक हजार मिनेट अलनेट भ्वाइस सुविधासहितको जोडी मिनेट प्याकेज र ९९ रुपैयाँमा एक हजार अननेट एसएमएस सुविधासहितको फेस्टिभ म्यासेज प्याकेज पनि उपलब्ध हुनेछन् ।यी प्याकेजको समयावधि ३० दिनको रहनेछ ।

नेपाल टेलिकमका अनुसार ग्राहकले आगामी असोज ३० देखि कात्तिक ३० गतेसम्म मोबाइलमार्फत विभिन्न प्याकेज खरिद गरी अफरको लाभ लिन सक्नेछन् ।

ग्राहकले आफ्नो मोबाइलबाट १४१५११३ डायल गरेर वा 'नेपाल टेलिकम एप' प्रयोग गरेर प्याकेज खरिद गर्न सक्नेछन् ।

बाढीपीडितका लागि कुमारी बैंकका कर्मचारीद्वारा ४५ लाखभन्दा बढी सहयोग

काठमाडौं- रसुवा-त्रिशूली-भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित समुदायको राहत, उद्धार तथा पुनःस्थापनाका लागि कुमारी बैंकका कर्मचारीहरूले ४५ लाख ९७ हजार ३५३ रुपैयाँ सहयोग गरेका छन् ।

बैंकका कर्मचारीहरूले स्वेच्छिक रूपमा आफ्नो तलबबाट रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम योगदान गरेका हुन् ।

प्राकृतिक विपद्का कारण ठूलो मानवीय तथा भौतिक क्षति व्यहोरेका समुदायप्रति ऐक्यबद्धता जनाउँदै संकलन गरिएको रकम प्रभावितहरूको राहत, उद्धार तथा पुनःस्थापनाका कार्यक्रममा उपयोग हुने विश्वास लिइएको छ।

कुमारी बैंकले सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै विपद्का समयमा प्रभावित समुदायलाई सहयोग गर्दै आएको जनाएको छ ।कर्मचारीहरूको यस योगदानले मानवीय संवेदना, सामाजिक एकता र राष्ट्रप्रतिको उत्तरदायित्वलाई थप मजबुत बनाउने बैंकको विश्वास छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np

खेलकुद

केपिएलमा नेपाल पुलिस क्लब बन्यो च्याम्पियन



जुम्ला- नेपाल पुलिस क्लबले देवीदत्त बटालियनलाई ८ रनले पराजित गर्दै कर्णाली प्रिमियर लिग (केपीएल) को उपाधि जितेको छ ।

जुम्लामा पहिलोपटक तातोपानी-४ स्थित हाँकुको खेलमैदानमा भएको प्रतियोगितामा पुलिसले रोमाञ्चक जित निकालेको हो ।पहिले ब्याटिङ गरेको पुलिसले निर्धारित २० ओभरमा १४८ रन बनाएको थियो ।पुलिसका कमल विष्टले ५७ रनको महत्त्वपूर्ण योगदान दिए ।१४९ रनको लक्ष्य पछ्याएको देवीदत्त बटालियनले निर्धारित २० ओभरमा १४० रन मात्रै बनाउन सक्यो ।देवीदत्तका भूपेन्द्र दमाईले ६१ रन बनाए पनि टोलीलाई जित दिलाउन सकेनन् ।

अन्ततः ८ रनको जितसँगै नेपाल पुलिसले केपीएलको उपाधि उचाल्यो ।

प्रतियोगितामा ११ टिम सहभागी थिए ।

'जुम्ला पनि अब खेल्छ, हिमालको फेदमुनी' भन्ने सन्देशसहित सम्पन्न प्रतियोगिताले जिल्लाको खेलकुद इतिहासमा नयाँ अध्याय थपेको अध्यक्ष मनोज भारतीले बताए ।

एनफिल्डमा सिटीको प्रभावशाली जित



काठमाडौं – आफूमाथि लागेको सय भन्दा बढी आर्थिक नियम उलंघनको आरोपमा दोषी ठहरिएयताको पहिला खेलमा म्यानचेस्टर सिटीले इंग्लिस प्रिमियर लिगमा आइतबार दस खेलाडीमा सीमित लिभरपुललाई ३-० ले पराजित गरेको छ ।एनफिल्डमा भएको खेलको दोस्रो हाफमा इर्लिङ हालान्ड, जेरेमी डोकु र रायन सेर्कीले गोल गरे ।यससँगै प्रशिक्षकमा एन्जो मारेस्को आएयता सिटीको लिगमा शतप्रतिशत सुरुआत कायम रह्यो ।लिभरपुलले भने दोहोरो पहँलो कार्डमा रायन ग्राबेनबर्चलाई गुमाएको थियो ।

सिटीको ६ खेलबाट १८ अंक भएको छ र शीर्षमा उसलाई तीन अंकको अग्रता प्राप्त छ ।लिभर पुल भने नौ अंकमा नवौं स्थानमा छ ।आइतबारका अन्य खेलमा क्रिस्टल प्यालेसले नटिंघम फरेस्टलाई ३-१ ले हराएको थियो भने हल सिटी र एभरटनले २-२ को बराबरी खेले ।

ललितपुरमा एआई साक्षरता कार्यक्रम सम्पन्न

■ जयराम बिडारी



लन्डन स्कुल अफ इकोनमिक्सको 'एट्लान्टिक फेलोशिप फर सोशल एन्ड इकोनमिक इक्विटी'को सहयोगमा कृत्रिम बौद्धिकता (एआई) मार्फत असमानता न्यूनीकरण सम्बन्धी विशेष पाइलट कार्यक्रम सम्पन्न गरिएको छ ।

ललितपुर महानगरपालिका वडा नम्बर २ सँगको सहकार्यमा सञ्चालित कार्यक्रममा ललितपुरका स्थानीय समुदाय, पत्रकार, परियोजना सहजकर्ता तथा संयुक्त राष्ट्रसङ्घीय अनलाइन स्वयम्सेवकहरूले योगदान पुऱ्याएका थिए ।

"पहद्रँचबाट एजेन्सी तर्फः न्यूनीकरणका लागि एआई साक्षरता" भन्ने मूल नाराका साथ सञ्चालित सो कार्यक्रममा एआई उपकरणहरूको प्रयोग कसरी गर्ने र यसले उनीहरूको काम, सिकाइ, सञ्चार एवं समुदायमा कस्तो प्रभाव पार्यो भन्ने विषयमा छलफल गरिएको थियो ।गत जुन २०२६ मा सञ्चालित तालीमबाट प्राप्त उपलब्धि, प्रस्तुतीकरण, प्रदर्शन र समूहगत छलफलमार्फत अनुभव साटासाट समेत गरिएको थियो । उक्त कार्यक्रममा एआई प्रविधिले ल्याएका अवसर र चुनौतीहरूका साथै स्थानीय परिवेशमा आलोचनात्मक सोच, डिजिटल समावेशीकरण र नैतिक सवालहरूमाथि समेत गहिरो मन्थन भएको थियो ।साथै, कार्यक्रममा भावी दिनमा एआई साक्षरतालाई कसरी समुदाय-केन्द्रित र फराकिलो बनाउन सकिन्छ भन्ने विषयमा नीति निर्माता तथा सरोकारवालाहरूका लागि उपयोगी सुझाव र सिफारिसहरू समेत तयार पारिएको छ ।

सो समारोहमा समावेशी डिजिटल रूपान्तरण र सहपाठी सिकाइ लाई प्राथमिकता दिइएको थियो ।यस पहलले सहभागीहरूलाई केवल प्रविधिको पहुँचमा मात्र सीमित नराखी उनीहरूमा आत्मबलको विकास, सक्रियता र सुसूचित हुने र निर्णय लिने क्षमता (एजेन्सी) विकास गर्न सहयोग पुऱ्याएको बताइएको छ ।समारोहमा लन्डन स्कुल अफ इकोनोमिक्स एन्ड पोलिटिकल साइन्सको अन्तर्राष्ट्रिय असमानता संस्थानका प्रतिनिधि तथा परियोजनाका साझेदारहरूले मन्तव्य राख्दै सहभागीहरूको योगदानको प्रशंसा गरेका थिए ।तीव्र रूपमा विकास भइरहेको एआई प्रविधिलाई मानिस, समावेशीकरण र सार्वजनिक हितको केन्द्रमा राखेर प्रयोग गर्न यस्ता समुदाय-केन्द्रित एआई साक्षरता अभियानहरू अपरिहार्य रहेको निष्कर्ष कार्यक्रमले निकालेको छ ।

सो समापन समारोहमा स्थानीय सरकारका प्रतिनिधि, नागरिक समाजका साझेदार, शिक्षाविद्, नीति निर्माता, स्वयम्सेवक तथा स्थानीय सहभागीहरूको बाक्लो उपस्थिति रहेको थियो ।ललितपुरस्थित होटल शाङ्ग्रिला ब्लुमा आयोजना गरिएको सो कार्यक्रम अपराह्न ४ बजेदेखि प्रारम्भ भई तीन घण्टासम्म निरन्तर चलेको थियो ।

नयाँ पुस्तालाई नेतृत्व दाबी नगर्न अध्यक्ष ओलीको सुझाव

काठमाडौं- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नयाँ पुस्तालाई सीधै नेतृत्व दाबी गर्न'को साटो तालिम र क्षमता विकासमार्फत आफूलाई योग्य बनाउन सुझाव दिएका छन् ।


आइतबार पार्टीको मिसन पार्टी जागरण अभियान तथा अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले यस्तो बताएका हुन् ।उनले सम्बोधनका क्रममा समाजमा पुस्तान्तरणको नाममा नयाँ विवाद र विभाजन ल्याउन खोजिएको आरोप समेत लगाउका थिए ।

'विगतमा जात, धर्म र भूगोलको नाममा जनतालाई विभाजित गर्न खोजियो ।अहिले त्यो नसकेपछि बाबु-छोरा र हजुरबा-नातिबीच द्वन्द्व सिर्जना गरेर समाज भाँड्न खोजिँदैछ,' ओलीले भने ।ओलीले आफ्नो राजनीतिक इतिहास सम्झँदै तत्कालीन समय र अहिलेको समयबीच तुलना गर्न नमिल्ने स्पष्ट पारे ।'२००६ सालमा पुष्पलालले २४ वर्षको उमेरमा पार्टी खोल्नुभयो भन्दैमा अहिलेको २४ वर्षेले पार्टी खोल्छु भनेर हुँदैन ।सीपी मैनाली २० वर्षमा र म १९ वर्षमै पार्टी प्रमुख भएका थियौं । तर, त्यो बेला आन्दोलनको समय थियो ।

हार्दिक शुभकामना



बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।



नानि बाबु बस्नेत
अध्यक्ष
खिम्ति ग्रामिण विद्युत सहकारी संस्था ली, दोलखा

विजया दशमीको
हार्दिक मंगलमय शुभकामना

बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।



प्रकास कटुवाल
गायक, सर्जक तथा संगीतकार,
एवं
सञ्चालक, ठप राजधानी रोधी क्लब, ठमेल

हार्दिक शुभकामना



बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।



दुर्गा अधिकारी (भमरकोठे)
अध्यक्ष
सुसेली फाउण्डेशन

हार्दिक शुभकामना



बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।




काशीनाथ पन्त
उद्योगी, व्यवसायी तथा समाजसेवी

हार्दिक शुभकामना



बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।



एन कुमार शाही
अध्यक्ष
मोर्डन इरा टुर एण्ड ट्रभल्स प्रा. लि.

हार्दिक शुभकामना



बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।



आशिष गजुरेल
प्रतिनिधिसभा सदस्य, सिन्धुली क्षेत्र नं. २
एवं भौतिक पुर्वाधार विकास समिति सभापति, नेपाल सरकार

हार्दिक शुभकामना



बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।



वुद्ध रत्न महर्जन
प्रतिनिधिसभा सदस्य
ललितपुर क्षेत्र नं. १ तथा
जिल्ला सभापति रास्वपा ललितपुर

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np

वर्ष –१९, अंक– १२,
२०८३ साल असोज २७ गते मंगलबार
13 October 2026, Tuesday

बुढीगंगाको भवन निर्माण भ्रष्टाचार मुद्दामा पाँच जनालाई तीन महिना कैद

काठमाडौं- बाजुराको बुढीगंगा नगरपालिकाको प्रशासनिक भवन निर्माणमा भएको भ्रष्टाचारसम्बन्धी मुद्दामा विशेष अदालतले पाँच जनालाई तीन महिना कैद र जनही १० हजार रुपैयाँ जरिवाना गर्ने फैसला गरेको छ।

सजाय पाउनेमा बुढीगंगा नगरपालिकाका तत्कालीन नगरप्रमुख दीपक विक्रम शाह, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रेमकाजी महर्जन, तत्कालीन इन्जिनियर पारस खाती, जागृति निर्माण सेवाका प्रबन्ध सञ्चालक पुष्कर रोकाया र तत्कालीन सब-इन्जिनियर गणेशराज रेग्मी रहेका छन्।



यसै मुद्दामा अन्य नौ जना प्रतिवादीले भने सफाइ पाएका छन्।सफाइ पाउनेमा तत्कालीन अधिकृत छैटौं नरेन्द्रनाथ, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत कल्पना कुमारी ठकुल्ला, तत्कालीन लेखापाल नवराज जोशी, तत्कालीन खरिदार श्यामबहादुर खत्री र तत्कालीन शिक्षा अधिकृत जयराज न्यौपाने रहेका छन्।त्यस्तै, असिस्टेन्ट सब-इन्जिनियर भीमराज गिरी, नायब प्राविधिक सहायक सिद्धराज जैसी, तत्कालीन प्रशासन सहायक बसन्तबहादुर थापा र जागृति-एमके-नेपाल जेभीका काठमाडौंस्थित आधिकारिक प्रतिनिधि सुरतबहादुर शाहले पनि सफाइ पाएका छन्।

विशेष अदालतको फैसलासँगै प्रशासनिक भवन निर्माणमा भएको भ्रष्टाचारसम्बन्धी मुद्दामा पाँच जना दोषी ठहर भएका छन् भने नौ जनाले सफाइ पाएका छन्।

नागरिकको विश्वास नै प्रहरीको वास्तविक शक्ति : आईजीपी कार्की

काठमाडौं- नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीले नेपाल प्रहरीको वास्तविक शक्ति कानुनले दिएको अधिकारमा मात्र नभई नागरिकले प्रदान गर्ने विश्वासमा निहीत रहेको बताएका छन्।

सोमबार प्रहरी निरीक्षक आधारभूत तालिमको १८४ औं समूहको दिक्षान्त समारोहलाई सम्बोधन गर्दै उनले प्रहरी संगठनलाई प्रविधिमैत्री, पारदर्शी र पूर्ण व्यावसायिक बनाउनुपर्नेमा जोड दिए।

साइबर अपराध, अन्तरदेशीय अपराध र विपद व्यवस्थापनजस्ता बदलिँदो सुरक्षा चुनौतीहरूको सामना गर्न नेपाल प्रहरीले आफ्नो कार्यशैलीमा व्यापक परिवर्तन गर्नुपर्ने महानिरीक्षक कार्कीले बताए।

'आज साइबर तथा डिजिटल अपराध, अन्तरदेशीय अपराध र विपद् व्यवस्थापनलगायतका नयाँ चुनौतीहरूको प्रभावकारी सामना गर्नु हाम्रो प्रमुख जिम्मेवारी हो।नेपाल प्रहरीलाई सक्षम, सुदृढ, पारदर्शी, प्रविधिमैत्री तथा नागरिकप्रति उत्तरदायी सङ्गठनका रूपमा विकास गर्न हामी निरन्तर प्रयासरत छौं,' आईजीपी कार्कीले भने, 'सूचना प्रविधि, डिजिटल प्रणाली र कृत्रिम बुद्धिमत्ताको विवेकपूर्ण प्रयोग गर्दै मानवअधिकार, कानूनी प्रक्रिया र व्यावसायिक विवेकलाई केन्द्रमा राखेर सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउनु हाम्रो प्राथमिकता हो।'



उनले आधुनिक प्रविधि र कृत्रिम बौद्धिक (एआई) को प्रयोगलाई व्यावसायिक विवेक र मानवअधिकारसँग जोड्नुपर्ने आवश्यकता रहेको पनि बताए।प्रहरी कर्मचारीहरू वाह्य प्रभाव, व्यक्तिगत आग्रह वा कुनैपनि प्रकारको अनुचित दबाबबाट मुक्त रही कानुन कार्यान्वयनमा खटिनुपर्नेमा उनले जोड दिए।

कानुन कार्यान्वयनको प्रक्रिया केवल कानूनी हुनुमात्र पर्याप्त नभई व्यवहारमा पनि निष्पक्ष, सम्मानजनक र जवाफदेही हुनुपर्ने उनको भनाइ छ।

'नेपाल प्रहरी संविधान र प्रचलित कानूनप्रति प्रतिवद्ध, निष्पक्ष र व्यावसायिक सङ्गठन हो।व्यक्तिगत धारणा, वाह्य प्रभाव र अनुचित दबाबबाट मुक्त भई कानूनको निष्पक्ष कार्यान्वयन गर्नु प्रत्येक प्रहरी कर्मचारीको दायित्व हो,' महानिरीक्षक कार्कीले भनेका छन्, 'कानुन कार्यान्वयनसँगै त्यसको प्रक्रिया पनि निष्पक्ष, पारदर्शी, सम्मानजनक र जवाफदेही हुनुपर्छ।नागरिकले प्रहरीको निर्णयसँग असहमति जनाए पनि प्रहरीको व्यवहार निष्पक्ष रहेको अनुभूति गर्ने वातावरण निर्माण गर्नुपर्छ।'

आईजीपी कार्कीले विशेष गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिहरूसँगको व्यवहारमा प्रहरी थप संवेदनशील बन्न निर्देशन दिए।पीडित केन्द्रित दृष्टिकोण अपनाउँदै नागरिकले प्रहरीको निर्णयमाथि प्रश्न उठाए पनि प्रहरीको निष्पक्षतामा सन्देह नगर्ने वातावरण सिर्जना गर्नुपर्नेमा उनले जोड दिए।'विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य संवेदनशील समूहसँग सम्बन्धित घटनामा संवेदनशीलता, गोपनीयता र पीडितकेन्द्रित दृष्टिकोणलाई प्राथमिकता दिनुपर्छ।स्मरण रहोस्, प्रहरीको शक्ति कानूनले प्रदान गरेको अधिकारमा मात्र होइन, नागरिकले गर्ने विश्वासमा पनि निहीत हुन्छ,' उनले भने।

विजया दशमी

सकिने जनाएको छ। बडादसैँको अवसरमा हिन्दु धर्मावलम्बीहरूले दुर्गा भवानीको पूजा-आराधना गरी घरपरिवार तथा आफन्तसँग मिलेर पर्व मनाउने परम्परा छ।विजयादशमीका दिन परिवारका ज्येष्ठ सदस्य तथा मान्यजनबाट टीका र जमरा ग्रहण गर्दै सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गरिन्छ।

दसैँ मनाउन विभिन्न पेसा, व्यवसाय तथा अध्ययनका लागि घरबाहिर रहेका नेपालीहरू आफ्नो जन्मथलो फर्किने गर्छन्।यस अवसरमा बजार तथा व्यापारिक क्षेत्रमा चहलपहल बढ्ने र सार्वजनिक यातायातमा यात्रुको आवागमनसमेत बढ्ने गर्दछ।तर यसपटक भने भोटेकोसी बाढीका कारण व्यापारिक क्षेत्रमा सोचेजस्तो चहलपहल नरहेको व्यापारीहरुको भनाई छ।

असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजयको प्रतीकका रूपमा मनाइने विजया दशमीले नेपाली समाजमा पारिवारिक एकता, आपसी सद्भाव र सांस्कृतिक परम्परालाई निरन्तरता दिँदै आएको छ।

यस वर्षको बडादसैँले सबै नेपालीमा सुख, शान्ति, समृद्धि र आपसी भाइचाराको भावना अभिवृद्धि गर्ने अपेक्षा गरिनुका साथै भोटेकोसी, बुढी गण्डकी लगायत क्षेत्रहरुमा आएको बढी तथा कयौ ठाउँमा पैरोमा पुरिएर मरेका परिवार जनमा धैर्यधारण गर्ने शक्ति मिलोस भनि कामना समेत गरिने छ।

अल्पसङ्ख्यक समुदायका...

आवश्यक कानुनी व्यवस्था निर्माणका लागि व्यवस्थापिका र कार्यपालिकाको ध्यानाकर्षण गराए।

त्यस्तै, नेता गणेश साहले पहिलो संविधानसभामा आफूले यस समुदायका अधिकारका विषय संसद्मा उठाएको अनुभव सुनाउँदै समुदायका व्यक्तिहरू अधिकार प्राप्तिको यात्रामा अघि बढिरहेको बताए।

नील हिरा समाजकी कार्यकारी निर्देशक मनिषा ढकालले संस्थाले २५ वर्षको यात्रामा भोगेका अनुभव सुनाउँदै आगामी २५ वर्षका लागि स्पष्ट योजना बनाएर अघि बढ्नुपर्ने बताइन्।उनले समुदायको अधिकारका लागि सर्वोच्च अदालतदेखि संसद्सम्म पुग्दा भोग्नुपरेका चुनौतीसमेत उल्लेख गरिन्।

तुलसा आल्मुनियम एण्ड युपिभिसि फेब्रिकेसन
सितापाइला, काठमाडौं
यहाँ आल्मुनियम सम्बन्धिका सम्पुर्ण सामाग्री चाहिएमा वा सो सम्बन्धि काम गर्नुपरेमा हामिलाई सम्झनुहोस् ।
प्रोपाइटर श्याम शाहशङ्खर, सम्पर्क नं. ९८०११३६००५

विजया दशमीको
हार्दिक मंगलमय शुभकामना
बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।
हिमालय उर्जा विकास कम्पनी लिमिटेड

मितव्ययी रूपमा चाडपर्व मनाऔं
चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
खाना तथा अन्य सामग्री खेर नफालौं,
मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं।
चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन,
आत्मीयता र सद्भावमा हुन्छ।
नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक शुभकामना
बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।
डा. ठंक प्र. दाहाल
प्रधानध्यापक
मन्थली माध्यमिक विद्यालय, मन्थली रामेछाप

हार्दिक शुभकामना
बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।
गिरीराज पोखेल
अध्यक्ष
नेपाल व्यापार संघ परिवार

हार्दिक शुभकामना
बडा दशैं, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।
ई. विरेन्द्र श्रेष्ठ
संस्थापक सभापति रास्वपा, ताप्लेजुङ्ग
तथा गायक, लेखक, साहित्यकार

भाग ८

दिव्य साधना



दामोदर ढकाल 'दीपक'

म ध्यानबाट बिउँझिएर हेर्दा पूरै गाउँलेहरू त्यहाँ थिए ।कोही भजन गाइरहेका ।कोही घाँसे गीत गाइरहेका ।कोही दोहोरी गाइरहेका ।कोही सिलोक, कोही खैंजडी भजन ।आहा साह्रै रमाइलो माहोल रहेछ त्यहाँ ।म बसेमाथि त्रिपाल टाँगिदिएका ।अहो उनीहरूले मलाई केही हुन्छ भनेर पहरा दिइरहेका ।न त्यति धेरै घनिष्टता, न म आफन्त, एउटा जोगी,ध्यानी जो पातमात्र चपाएर र जल मात्र पिएर बाँच्न सक्छ ।उसलाई पनि यति धेरै सुरक्षा म छक्क पर्ें । लगभग मेरो ध्यान खुल्दा मिरमिरे उज्यालो भइसकेको थियो ।मैले धारामा गएर मुख धोएँ ।मसँगै शुद्ध आत्मा देवी आएर मुख धोइन् र अँजुलीमा जल बोकेर हिजो मूर्ति भेटिएको ठाउँमा लगेर चढाइन् ।जल चढाएर हिलो भएको माटो अनामिकामा ल्याएर मेरो निधारमा लगाई दिइन् ।मैले उनको पाउ ढोगेँ ।केहीबेरमा पञ्चैबाजाको टोली आयो ।कार्यक्रमका आयोजकहरू सबै आए ।पूरै गाउँलेहरू भेला भएर मेरो जयजयकार गर्दै कार्यक्रम स्थलमा लिएर गए ।आज मेरो प्रवचन र बिदाइको कार्यक्रम राखेका थिए ।मैले जीवनमा पहिलो पटक प्रवचन दिनु थियो । कार्यक्रम स्थलमा पुग्ने बित्तिकै कार्यक्रम सञ्चालकले मलाई बोलाइहाले ।प्रवचनको निमित्त ।गुरुले मलाई यहाँ पठाउने बेलामा भन्नु भएको थियो । नआत्तिनु मलाई स्मरण गर्नु मज्जा प्रवचन गर्न सकिन्छ ।फेरि गाउँलेहरू पूरै मेरा आफन्तभन्दा घनिष्ट भइसकेका थिए ।यसकारण म ढुक्क थिएँ ।जे त होला भनेर मञ्चमा पुगेर बोल्न सुरु गर्ें । सर्वप्रथम मेरा समादरणीय गुरुदेवमा नमन गर्दै , कार्यक्रम सञ्चालक ज्यूप्रति आभारी बनेको छु ।यो विराट सभाका सभापतिज्यू, आयोजककमिटीका सम्पूर्ण व्यक्तित्वज्यूहरू, उपस्थिति सम्पूर्ण गाउँबासी दिदीबहिनी तथा दाजुभाइहरू ,यति सुन्दर , शान्त र मिहिनेतीहरू बस्ने सुन्दर गाउँमा आएर बस्न पाउनु, हजुरहरूसँग कुराकानी गर्न पाउनु मेरो लागि अहोभाग्य हो ।हजुरहरूको आतिथ्यले म अति प्रसन्न भएको छु ।मेरा गुरुदेवले नियाल्नु भएका सयौँ गाउँमध्ये म यो गाउँमा पहिलो पटक आउन पाउँदा अत्यन्तै खुसी छु ।गुरु आज्ञा भएमा क्रमशःअरू गाउँमा पनि पुग्ने छु ।

कुनै पनि गाउँमा सुखशान्ति र समृद्धि आउन हामीले कृषि र पशुपालनलाई जोड दिनु पर्छ ।अन्न फलफूल , दुधदही , माछामासु हामीलाई सक्षम राख्न आवश्यक पर्ने खाद्यप्रदार्थ हुन् ।जुन कृषि र पशुपालनबाट मात्र सम्भव छ ।जब हामीले पशुपक्षी पाल्छौँ तब हाम्रो काममा सघाउनेदेखि मासु दूध र मल सबै प्राप्ति हुन्छ ।यसकारण हामीले यो कर्ममा निरन्तरता दिनुपर्छ ।जो दिइरहनु भएको छ ।

यो गाउँमा शुद्ध आत्मा देवी स्वरूपमा जन्मनु भएको छ ।यसले स्पष्ट पार्छ कि यो गाउँ समृद्धिको बाटोमा गइसकेको छ ।हिजो हामी बसेको दिव्यभूमिमा संरचना बनिसकेपछि देश विदेशबाट पर्यटकहरू यो भूमिको दर्शनको लागि आउनेछन् ।उनीहरूलाई यहाँ बसोबासका लागि राम्रो प्रबन्ध तपाईंहरूले गर्नु आवश्यक छ । म चाहन्छु प्रकृतिको जगेर्ना गर्दै हामीले विकासको बाटोमा निरन्तर अगाडि बढ्नु पहिलो दायित्व र कर्तव्य हो ।म चाहन्छु सबै सुकेका पानीका मूल फुटुन्, अन्नबाली लहलह होस् ।पशुपक्षीको पनि वृद्धि विकास होस् ।रोग व्याधिले आक्रमण नगरोस् ।आर्थिक, समाजिक रूपमा यो गाउँमा सम्पन्नता स्थापित होस् भन्ने अपेक्षा गर्दै बिदा चाहन्छु ।


मैले बोली सक्नासाथ कार्यक्रम सञ्चालकले एउटा भजन प्रस्तुत गरेर दिव्य साधक गुरुलाई बिदा गर्ने बताउँदै भजन प्रस्तुतिकस लागि अनुरोध गऱ्यो ।

एकदिन त जानु छ संसार छाडेर..... ।

भजनमा सबै मग्न थिए ।भजन सकिनासथ बिदाइ कार्यक्रममा सबै लस्करै उभिएर गुरुलाई जे जतिले सकिन्छ बिदा गरिदिन अनुरोध गर्दछु ।मलाई त्यतिबेला झ्याप्प निद्रा लाग्यो ।आसनमा नै बसीबसी म निदाएँ ।उपस्थित गाउँले आएर फूल नैवेद र भेटी चढाएको तन्द्रामा थाहा पाइरहेको थिएँ ।

बिदाइ कार्यक्रम सकिएको कुरा सञ्चालकले माइकबाट भनेको सुनेर म बिउँझिएँ ।मेरो अनुहार मात्र अलिकति थियो ।म त फूल मालाले पुरिएको थिएँ ।मैले बिस्तारै सबै माला हटाएर मेरो अगाडि राखिएको भेटी र नैवेद हेर्ें ।लाख र पचास हजारका बिटा धेरै थिए ।मैले फूल नैवेद र भेटीलाई अलग गरिदिन अनुरोध गर्ें । फूल र मालाको एउटा पहाड बन्यो ।नैवेदको अर्को थुप्रो होलसेल फलफूल पसलको झल्को बिर्साउने बन्यो ।पैसाको चाङ पनि ठूलो दराज भरिने बन्यो ।मैले पैसा गिन्ती गर्न भनेँ ।पैसा तपाईंहरूले गनिनसकुन्जेल मलाई निद्राले सताएको हुँदा केहीबेर आराम गर्छु भनेर नजिकै रहेको चौतारी तिर गएर सुर्ते ।

सुसेली



जनार्दन अधिकारी धड्कन

दसैं आएको
अलिकति भए नि
खुसी छाएको ।१ ।

बाढी सम्झिन्छ
भेलबाढी आँसुले
दसैं मक्किन्छ ।२ ।

नाता सम्बन्ध
फुल्ने फल्ने दसैं हो
गरौं प्रबन्ध ।३ ।

अघि सरौं न
दुःखीजन भेटेमा
साथी बनौं न ।४ ।

राखौं जमरा
चुस्न खोज्ने यौवन
छन् है भँवरा ।५ ।

शुक्र अस्तछ
बिहे हुन्न दसैंमा
दशा प्रष्टछ ।६ ।

पिङ बाटौंन
आशिर्वाद लिएर
म साटौंन ।७ ।

स्वस्थ बन्नुछ
मांस ज्यादा नखाउँ
ज्ञान बाड्नु छ ।८ ।

त्याग सुन्दर
विवेकको कोलो नि
छैन अन्तर ।९ ।

देवी नाममा
गरौं पूजा दसैंको
शुभकामना ।१० ।

कवि भमरकोटेको प्रमुख अतिथिमा कृति विमोचन

■ **विनोद नेपाली**

काठमाडौं- यहि असोज २४ गते अभिनव साहित्य समाजको २९७ औशृत्त ला अन्तर्गत शुभकामना आदानप्रदान कवि गोष्ठी र आमाको मायाँ नामक बालकथा सङ्ग्रहको लोकार्पण कार्यक्रम सम्पन्न भएको छ ।

विमल अर्यालको सभापतित्व र सुसेलीका प्रतिपादक दुर्गा अधिकारी भमरकोटेको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा समाजको अध्यक्ष गोविन्दप्रसाद घिमिरे वेदमणिद्वारा लिखित उपरोक्त नैतिक बालकथा सङ्ग्रह को लोकार्पण गरिएको थियो ।

सो पुस्तकको विषयमा का.स. दिलीप अर्यालले सामान्य परिचयात्म टिप्पणी र पुस्तक लेखकले पूर्ण कार्यक्रम र वाचित रचनाकाको टिप्पणी गरेका थिए ।कविता वाचन गर्नेहरुमध्य दिव्यलक्ष्मी पोखरेल र दुर्गा घिमिरेलाइ उत्कृष्ठ रचना वाचन गरेवापत प्रोत्साहन पुरस्कार प्रदान गरियो । अन्य कविता वाचन गर्नेहरूमा सुशील आचार्य, द्वारिका चालिसे, कविराज घिमिरे, ओमप्रसाद कोइराला, रत्ननिधि रेग्मी,, वासुदेव पौडेल, पुनम घिमिरे, देवीप्रसाद चापागाइ, दिल्लीप्रसाद



मुलतिउन, घनश्याम प्रसाइ, नवराज पुडासैनी, सुमन पुडासैनी, बीपी इलामे, महेश्वर खनाल, गीता बराल, निर्मल रमण पराजुली, दिलीप अर्याल, निर्मल अर्याल शर्मिला तिमल्सिना, श्रीकृष्ण पुडासैनी लगायत ३० जना भन्दा बढीले कविता बाचन गरेका थिए ।

'टिका जमरा' बोलको दशैँ, तिहार गीत सार्वजनिक



काठमाडौं- दशैँको उल्लास, उमङ्ग र सांस्कृतिक परम्परालाई समेटेर तयार पारिएको 'टिका जमरा' बोलको दशैँ गीत सार्वजनिक भएको छ ।उक्त गीत विष्णु थापा अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

गीतमा विष्णु थापा, यमुना कार्की र अरुण लामाको स्वर रहेको छ भने शब्द तथा संगीत विष्णु थापाले तयार पारेका हुन् ।गीतको मिक्सिङ तथा मास्टरिङ बाबुल गिरीले गरेका छन् ।गीतको भिडियोमा सरोज दाहाल, रबिना बस्ताकोटी, अभिषेक श्रेष्ठ र कविता राउतको अभिनय रहेको छ ।भिडियोको निर्देशन खगेन्द्र तिमल्सिनाले गरेका हुन् भने कोरियोग्राफी साजन पराजुलीको रहेको छ ।

त्यस्तै, भिडियोको छायांकन चक्रबहादुर बरालले गरेका छन् भने सम्पादन तथा रङ संयोजन अनिल राणाले गरेका छन् ।दशैँको मौलिक संस्कृति, टीका र जमराको महत्त्वलाई झल्काउने उद्देश्यसहित तयार पारिएको 'टिका जमरा' गीतले नेपाली दर्शक तथा श्रोतामाझ दशैँको खुसी र उमङ्ग थप्ने अपेक्षा गरिएको छ ।

विजया दशमीको
हार्दिक मंगलमय शुभकामना

बडा दशैँ, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।



अनुज खड्का
युवा नेता
नेपाली कांग्रेस रामेछाप जिल्ला
प्रदेश सभा 'क' क्षेत्रीय सचिव

हार्दिक शुभकामना



बडा दशैँ, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।

श्री कृष्ण नगरकोटी
अध्यक्ष
तार्केश्वर यातायात प्रा. लि., बालाजु, काठमाडौं

हार्दिक शुभकामना



बडा दशैँ, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।



रामहरि कार्की
अध्यक्ष
नेपाल हिमालय सिमापार वाणिज्य संघ

विजया दशमीको
हार्दिक मंगलमय शुभकामना

बडा दशैँ, नेपालसंवत, शुभ दिपावली, तथा छठ लगाएत सम्पुर्ण नेपालीहरुको पर्वको पावन अवसरमा तपाईं तथा तपाईंको सम्पूर्ण परिवारमा सुख, शान्ति, समृद्धिका साथै सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
नवदुर्गा भवानीले हामी सबैको रक्षा गरुन् र जीवनमा सधैं सत्य, धर्म र न्यायको विजय होस्।

WONDERS ENERGY PVT. LTD
KHIMTI GHWONG 9MW

हिमालय मोटरक्सद्वारा इलेक्ट्रिक पिकअपका लागि १ वर्ष नि:शुल्क सेवा सार्वजनिक

काठमाडौं- नेपालमा विश्वप्रसिद्ध म्याक्सस ब्रान्डको एकमात्र आधिकारिक वितरक तथा हिमालय अर्गनाइजेसन अन्तर्गतको कम्पनी हिमालय मोटरक्स प्रा.लि.ले नेपालको महान चाड दशैंकोअवसरमा "दशैंको उमंग, म्याक्सस सँग" नामक एक विशेष चाडपर्व अभियान आधिकारिक रूपमा सार्वजनिक गरेको छ ।

अटोमोटिभ बजार दिगो विलासिता र बलियो कार्यक्षमतातर्फ उन्मुख भइरहेको बेला, विश्वव्यापी अटोमोटिभ पावरहाउस साइक ग्रुप अन्तर्गतको म्याक्ससले नेपालमा इलेक्ट्रिक पिकअप सेग्मेन्टलाई नयाँ तरिकाले परिभाषीत गरेको छ ।

इ-टेरोन ९

कम्फर्ट र इ-टेरोन ९ प्रिमियम गरी दुई उत्कृष्ट भेरियन्टमा उपलब्ध यो सवारीसाधनले कार जस्तै आराम, एसयूभी स्तरको भव्यता र शक्तिशाली अफ-रोड क्षमतालाई संयोजन गर्दै

पिकअप गाडीको उपयोगितालाई नयाँ परिभाषा दिएको छ ।विशेष दशैं अभियानका मुख्य विशेषताहरू नेपाली ग्राहकहरूका लागि यो चाडपर्वलाई अझ बढी फलदायी र सुलभ बनाउन हिमालय मोटरक्सले उत्कृष्ट प्रवर्द्धनात्मक अफरहरू ल्याएको छ जस्मा १ वर्ष नि:शुल्क चार्जिङ यस अभियान अवधिमा म्याक्सस इ-टेरोन ९ खरिद गर्ने ग्राहकहरूले १ वर्षभरि नि:शुल्क चार्जिङको आनन्द लिन सक्नेछन् ।

हिमालय मोटरक्सले पूरा एक वर्षको लागि चार्जिङ खर्च व्यहोर्नेछ, जसले सञ्चालन लागतलाई उल्लेखनीय रूपमा कम गर्नेछ ।आकर्षक फाइनान्सिङ सुविधा : जम्मा २०% डाउन पेमेन्ट सुविधासहित प्रिमियम इलेक्ट्रिक पिकअपको स्वामित्व लिनु अब अझ सहज भएको छ ।साथै ग्राहकहरुले सजिलो फाइनान्सिङ सुविधा सहित ७ बर्ष सम्मको इएमआई सुविधा प्राप्त गर्न सक्ने छन् ।यस्तो फाइनासिङ सुविधा कम्पनीको काठमाण्डौ, हात्तिसारमा रहेको म्याक्सस्को शोरुमबाट नै प्राप्त गर्न सक्ने छन् ।

अतुलनीय कार्यक्षमता र एसयूभी जस्ता विशेषताहरू म्याक्सस इ-टेरोन ९ नेपालको सबै प्रकारकोभूभागहरूलाई उपयुक्त रहेको छ ।एउटा अफरोड पिकअप भएर पनि यो गाडीमा कारको जस्तो लक्जरी सुबिधा, एयर सस्पेन्सन सहितको एसयुभी पर्फमेन्स पाउन सकिने छ ।

गाडीमा फोरव्हिल ड्राइभ सहितको अल-ह्विल ड्राइभ भएकोले नेपालका सबै सडक परिस्थितिहरूमा उत्कृष्ट ट्र्याक्सन, स्थिरता र ह्यान्डलिङ प्रदान गर्दछ ।सेग्मेन्ट मै उच्च क्षमताको १०२.२ किलोवाट आवर ब्याट्री भएकोले लामो यात्रा र निरन्तर पावर डेलिभरीका उपयुक्त रहेको छ ।

एकै चार्जमा ५६० किमि सम्मको रेन्ज दिने भएकोले शहर र राजमार्ग दुवै स्थानमा रेन्ज एंग्जाइटी (दूरीको चिन्ता) लाई हटाउँछ ।सजिलै उकालो चढ्नका लागि ७०० एनएम टर्कले गर्दा शक्तिशाली एक्सेलेरेसन प्रदान गर्दछ ।म्याक्सस्पिकअपमा ब्याट्रीमा ८ बर्ष सम्म वा २ लाख किमि तथा मोटरमा ५ बर्ष वा १लाख साठी हजार किमि सम्मको वारेन्टी रहेको छ ।

यो स्किम अन्तर्गत गाडी खरिद गर्ने ग्राहकहरुले १ बर्षको अटोप्लस बिमा तथा १ आर्थिक बर्षको कर समेत गाडी खरिद गर्ने मुल्यमा नै प्राप्त गर्न सक्ने कुरा कम्पनीले जनाएको छ ।दशैं अभियानको शुभारम्भबारे बोल्दै हिमालय मोटरक्सका शोरुम म्यानेजर सुजन श्रेष्ठकोभनाइ छ, "दशैं खुसीका साथ नयाँ सुरुवात गरी परिवारसँग मनाउने चाँड हो ।









जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक: मोहन कार्की (५८५१०८७१५६), सम्पादक: ईन्दिरा धमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार